# जलेश्वर नगरपालिका बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा परिचालन कार्य विधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२.............................................

प्रमाणीकरण मितिः २०८२.......................................................

प्रमोद कुमार ठाकुर
प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

# बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा परिचालन कार्य विधि, २०८२

**प्रस्तावना**

नगरपालिका भित्रका बालिका, अपाङ्गता तथा सीमान्तकृत समुदायका बालबालिकाको शिक्षामा समन्यायिक पहुँच तथा सहभागिता, सिकाइ उपलब्धि सुनिश्चित गर्न, अनिवार्य तथा निःशुल्क शिक्षासम्वन्धी कानुनी व्यवस्थाको प्रभावकारी रुपममा कार्यन्वयन गरी शिक्षामा समता, समावेशीकरण एव्म विविधता व्यवस्थापनका विषयलाई प्रभावकारी बनाउन, उनीहरुकोसंरक्षणका अधिकारहरूलाई प्रवर्द्धन गरी लैङ्गिक हिंसामा कमी ल्याउन , बालबालिकाको सिकाइमा जीवनपर्यन्त निरन्तरता दिन र जलेश्वर नगरपालिकाले गर्ने नीति निर्माण प्रक्रियामा उनीहरूको सवाल संलग्न गराइ सम्वोधन गर्न सरोकारवाला समूहको रुपमा बालिका तथा समावेशी शिक्षा सञ्जाललाई संस्थागत गर्न वाञ्छनीय भएकाले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी जलेश्वर नगरपालिकाले बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा परिचालनका लागि यो कार्यविधि जारी गरिएको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्तनाम र प्रारम्भः

(क) यो कार्यविधिको नाम "बालिका तथा समावेशी शिक्षा सञ्जाल (गठन तथा परिचालन)कार्यविधि, २०८२ रहेको छ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा :

(क) "नगर प्रमुख"भन्नाले नगरपालिकाको प्रमुख सम्झनुपर्छ।

(ख) "अपाङ्गता भएका व्यक्तिहरू"भन्नाले अपाङ्गता भएमा व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन, २०७४ को अनुसूची १ मा उल्लेख भएका परिभाषा र वर्गीकरण सम्झनुपर्छ।

(ग) "नगर उपप्रमुख"भन्नाले नगरपालिकाको उपप्रमुख सम्झनुपर्छ।

(घ) "कार्यपालिका"भन्नाले नगर पालिकाको कार्यपालिकालाई सम्झनुपर्छ।

(ङ) "कार्यालय"भन्नाले जलेश्वर नगरपालिकाको कार्यालयलाई सम्झनुपर्छ।

प्रमोद कुमार ठाकुर
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

(च) "कोष"भन्नाले दफा ९ बमोजिमको कोष सम्झनुपर्छ।

(छ) "नगरपालिका"भन्नाले जलेश्वर नगरपालिकालाई सम्झनु पर्छ।

(ज) "बालिका" भन्नाले जलेश्वर नगरपालिका अन्तर्गतका विद्यालय तहको शिक्षा अध्ययन गर्ने उमेर समूहका बालिकाहरूलाई सम्झनुपर्छ।

(झ) "बालिका तथा समावेशी शिक्षा सञ्जाल" भन्नाले समुदाय वा विद्यालय स्तरमा बालिका तथा समावेशी शिक्षालाई प्रवर्द्धन गर्ने उद्देश्यले गठन भएको समूह वा समितिलाई सम्झनुपर्दछ।

(ञ) "सदस्य"भन्नाले यसै कार्यविधि बमोजिमका बालिका तथा समावेशी शिक्षा सञ्जालका सदस्यहरूलाई सम्झनु पर्छ।

(ट) "सञ्जाल"भन्नाले यस कार्यविधि बमोजिम गठित समितिलाई सम्झनु पर्छ।

(ठ) "समावेशी शिक्षा"भन्नाले शिक्षा ऐन, २०२८ (नवौ संशोधन) को दफा ६ (क) बमोजिमको शिक्षालाई सम्झनु पर्छ।

(ड) "सीमान्तकृतस मुदायका बालबालिका" भन्नाले प्रचलित कानुन बमोजिम समान्तकृत समुदाय अन्तर्गतका विद्यालय शिक्षाको पहुँच बाहिर रहेका बालबालिका सम्झनु पर्छ। सो शब्दले विभिन्न कारणबाट शिक्षामा निरन्तरता दिन असमर्थ भएका बालबालिकालाई समेत जनाउँदछ। (ढ) "संरक्षक" भन्नाले दफा ४ बमोजिमको सञ्जालको संरक्षक सम्झनु पर्छ।

## परिच्छेद २

## उद्देश्य

कार्यविधिको उद्देश्य: यस जलेश्वर नगरपालिका अन्तगतको सञ्जालको गठन र प्रभावकारी परिचालनमार्फत बालिका सिमान्तकृत समुदाय तथा अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच, सहभागिता, निरन्तता र सिकाइ उपलब्धि सुधार र अनिवार्य निःशुल्क शिक्षामा पहुँच, सहभागिता, निरन्तरता र सिकाइ कार्यान्वयन गर्न र महिला हिंसा मुक्त वातावरण सिर्जना गर्न यसकार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ:

(क) नगरपालिका स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा परिचालन कार्यविधि लागू गर्ने र सञ्जालको तथा लैङ्गिक सम्पर्क व्यक्तिको काम, कर्तव्य र भूमिका स्पष्ट पारि सञ्जालका सदस्यहरू तथा लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता अभिवृद्धि गरी गुनासो सुनुवाई संयन्त्रलाई सुदृढ गर्ने।

~~गर्ने~~।



प्रमोद कुमार ठाकुर
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

(ख) नगरपालिका भित्र रहेका सबै बालबालिकालाई अनिवार्य तथा निःशुल्क शिक्षाको पहुँच, सहभागिता, सिकाइमा दिगोपना र निरन्तरता दिन र बालिका तथा समावेशी शिक्षाको प्रवर्द्धन गर्ने ।

(ग) नगरपालिका भित्र रहेका सबै बालबालिकालाइ विद्यालय हाता भित्रका सबै, बालबालिका माथि हुने वा हुन सक्ने भेदभाव, शारीरिक, भावनात्मक तथा यौन दुर्व्यवहार, शोषण, लैङ्गिक हिंसा, शारीरिक वा मानसिक दण्डसजाय, हेपाई लगायतका जोखिमको निर्धारित संयन्त्र, विधि र प्रक्रिया अनुरूप न्यूनीकरण गर्ने ।

## परिच्छेद ३

### नगरपालिका स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जालको गठन तथा सञ्चालनः

यस जलेश्वर नगरपालिका अर्न्तगतको सञ्जालको गठन र प्रभावकारी परिचालनमार्फत बालिका सिमान्तकृत समुदाय तथा अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच, सहभागिता, निरन्तता र सिकाइ उपलब्धि सुधार र अनिवार्य निःशुल्क शिक्षामा पहुँच, सहभागिता, निरन्तरता र सिकाइ कार्यान्वयन गर्न र महिला हिंसा मुक्त वातावरण सिर्जना गर्नका लागि देहाय बमोजिमको स्थानिय स्तरको बालिका तथा समावेशी शिक्षा सञ्जालको गठन हुनेछः

(क) स्थानीय तहको अध्यक्ष वा प्रमुख - संरक्षक

(ख) स्थानीय तहको उपाध्यक्ष वा उपप्रमुख - संयोजक

(ग) स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) स्थानीय तहको महिला तथा बालबालिका शाखा/महाशाखा प्रमुख - सदस्य

ङ) संयोजकबाट मनोनीत स्थानीय बालक्लबका तर्फबाट एक जना बालिका समेत दुई जना - सदस्य

(च) वडा अध्यक्ष मध्येबाट स्थानीय तहको प्रमुखले तोकेको एक जना -सदस्य

(छ) स्थानीय तहभित्रका अपाङ्गता भएको बालबालिकाको अभिभावक मध्येबाट संयोजकबाट मनोनीत महिला अभिभावक एक जना - सदस्य

(ज) बालिका तथा समावेशी क्षेत्रमा कार्यरत संस्था मध्येबाट स्थानीय तहबाट मनोनीत कम्तीमा एकजना महिला सहित तीन जना- सदस्य

(झ) स्थानीय तह भित्रका अपाङ्गता भएका बालबालिका मध्येबाट एक बालक र एक बालिका गरी संयोजकले तोकेको दुई जना - सदस्य

(ञ) स्थानीय सञ्जालबाट मनोनीत कम्तीमा एक जना महिला सहित दुई जना संचारकर्मी - सदस्य



प्रमोद कुमार ठाकुर
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

(ट) स्थानीय तह भित्रका सामुदायिक विद्यालय भित्रका विद्यालयबाट विद्यालय व्यवस्थापन समितिको अध्यक्ष मध्येबाट संयोजकबाट मनोनीत एक जना - सदस्य

(ठ) स्थानीय तह भित्रका सामुदायिक विद्यालयको प्रधानाध्यापक मध्येबाट संजालबाट मनोनीत प्रधानाध्यापक एक जना - सदस्य

(ड) स्थानीय तह भित्रका विशेष विद्यालय वा स्रोत कक्षा संचालन भएका विद्यालयको प्रधानाध्यापक मध्येबाट संयोजकले मनोनीत गरेको एक जना - सदस्य

(ढ) स्थानीय तह भित्रका सामुदायिक विद्यालयको शिक्षक अभिभावक संघको अध्यक्ष मध्येबाट संजालको संयोजकबाट मनोनीत एक जना - सदस्य

(ण) स्थानीय तह कार्यक्षेत्र भएको नेपाल प्रहरीको कार्यालयको प्रमुख वा निजले तोकेको प्रहरी एक जना - सदस्य

(त) स्थानीय तह भित्रका विद्यालयका शिक्षक मध्येबाट संयोजकबाट मनोनीत एक जना -सदस्य

(थ) स्थानीय तहभित्रका माध्यमिक विद्यालय मध्ये बाट गुनासो सुनुवाई संयन्त्रमा भएको विद्यार्थी मध्ये संयोजकले तोकेको छात्रा एकजना – सदस्य

(द) स्थानीय कार्यपालिकाका दलित वा महिला सदस्य मध्येबाट स्थानीय तहको प्रमुखले तोकेको दुई जना - सदस्य

(ध) स्थानिय तहको स्वास्थ्य शाखा/महाशाखा प्रमुख

(न) शिक्षा महाशाखा वा शाखा प्रमुख, स्थानीय तह - सदस्य सचिव

(२) सञ्जालको गणपूरक संख्या समितिको तत्काल कायम रहेको सदस्य संख्याको एकाउन्न प्रतिशत हुनेछ । तर समितिको बैठकमा गणपूरक संख्या नपुगी लगातार दुई पटक बैठक स्थगित भएमा तेस्रो पटक बैठक सञ्चालन गर्न कम्तिमा एक चौथाइ सदस्य उपस्थित भएको हुनुपर्ने छ ।

(३) सञ्जालले नियमित कार्य संचालन गर्ने प्रयोजनका लागि सात सदस्य रहने गरी सचिवालय गठन गर्न सक्नेछ ।

(४) सञ्जालको बैठक वर्षमा कम्तिमा पनि ४ पटक बस्ने छ तर आवश्यकता अनुसार सो भन्दा धेरै पटक पनि बस्न सक्नेछ । (५) आवश्यकता अनुसार सञ्जालको बैठकमा विषयगत विज्ञहरूलाई आमन्त्रण गर्न सकिनेछ ।

(६) सञ्जालको बैठक सम्वन्धी अन्य कार्यविधि सञ्जालले तोके वमोजिम हुनेछ ।

(७) स्थानिय सञ्जालमा मनोनित वा तोकिएका सदस्यको पदावधि दुई वर्षको हुने छ ।

प्रमोद कुमार ठाकुर
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

## ५. स्थानिय तहको बालिका तथा समावेशी शिक्षा सञ्जालको कार्य:

स्थानिय स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जालको कार्य देहाय बमोजिम हुनेछ :

(क) स्थानिय तहको आधारक्षेत्रका बालबालिकाहरु मध्ये विद्यालय बाहिर रहेका बालबालिका विशेष गरी बालिका, अपाङेगता भएका बालबालिका तथा सीमान्तकृत समुदायका बालबालिकाको पहिचान गरी शिक्षाको पहुँच सुनिश्चितताका लागि पहल गर्ने ।

(ख) गुणस्तरिय अनिवार्य तथा निःशुल्क आधाभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयन गर्ने गराउने ।

(ग) विद्यालयमा गुनासो सुनुवाई समितिको लागि आवश्यक प्रतिनिधि तोकी गुनासो सुनुवाई कार्यविधि, २०७४ (पहिलो संशोधन २०७७) अनुसार पालिका भित्रका विद्यालयहरूमा गुनासो सुनुवाई समिति गठन गर्ने र त्यसलाई क्रियाशील बनाउन पहल गर्ने ।

(घ) विद्यालयले गुनासो सुनुवाई कार्यविधि अनुसार सुझाव पेटिका तथा गुनासो सुनुवाइ संयन्त्रको व्यवस्था गुनासो संकलन, प्राप्त गुनासोहरूको वर्गीकरण र प्राथमिकीकरण गरी त्यसलाई सम्वोधन गरेको वा नगरेको अनुगमन गरी कार्यान्वयन गर्न सहजीकरण गर्ने आवश्यक निर्देशन दिने ।

(ङ) वार्षिक तथा अद्यावधिक योजनामा बालिका तथा समावेशी शिक्षा, लैङ्गिक हिंसा सम्वोधनमा, लगायतका सामाजिक समावेशीकरणका समसामयिक विषय समावेश गर्न पहल गर्ने ।

(च) विद्यालयमा लैङ्गिक, जातीय तथा अपाङ्गतामा आधारित हिंसा तथा अन्य बहिष्करणमा परेको बालवालिकाको पहिचान गरी न्यूनीकरणको लागि पहल गर्ने ।

(छ) समुदाय तथा विद्यालयमा हुने लैङ्गिक हिंसा, भेदभाव तथा दण्ड सजाय जस्ता गतिविधिहरूको न्यूनीकरण र ) पिडित बालवालिकाको हिंसा, शोषण र दुर्व्यवहार जस्ता उजुरीहरूलाई गोपनीयता कायम गर्दै सम्वन्धित निकायमा रिर्पोट गर्ने र पीडितलाई आवश्यक सहयोगको लागि पहल गर्ने ।

(ज) विद्यालय व्यवस्थापन समिति, शिंक्षक अभिभावक संघ र अन्य समितिको गठनमा लैङ्गिक र समावेशी प्रतिनिधित्व सुनिश्चितताको लागि पहल गर्ने ।

(झ) विद्यालयहरूमा लैङ्गिक हिंसा न्यूनीकरण सम्वन्धि गरेका कार्यहरू नियमित अनुगमन गर्ने तथा पृष्ठपोषण दिने ।

प्रमोद कुमार ठाकुर
प्रमुख प्रशासकिय अधिकृत

(ञ) विद्यालयहरूमा बालक्लब गठन, व्यवस्थापन र बालमैत्री, लैगिंक मैत्री र समावेशी वातावरण सिर्जन गर्न पहल गर्ने ।

(ट) नगरपालिकामा सञ्चालित विभिन्न अनौपचारिक शिक्षा कार्यक्रम अन्तर्गतका बालिकाहरूको तथ्यांक संकलनमा विभिन्न संघ संस्थाहरूसँग समन्यात्मक बैठक सञ्चालन गरी, बालिकाहरूलाई औपचारिक शिक्षामा भर्ना गर्न तथा जीवन उपयोगी योजना बनाउनमा पहल तथा सहयोग गर्ने ।

(ठ) नगरपालिकामा सञ्चालित विभिन्न बालिका कार्यक्रमहरूमा बालिकाहरूको संलग्नतामा पहल गर्ने तथा उपलब्ध भएको श्रोत साधनहरूमा बालिकाहरूको पहुँचलाई सुनिश्चितता गर्ने ।

(ड) नगरपालिकामा सञ्चालित अनौपचारिक शिक्षा कार्यक्रम अन्तर्गतका अभिभावकहरूको लागि अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने तथा गराउने ।

(ढ) नगरपालिका स्तरबाट वार्षिक योजना तर्जुमा मार्फत बालबालिकाको लागि योजना बनाई बजेट विनियोजन गर्ने ।

(ण) प्राकृतिक प्रकोप र मानव श्रृजीत प्रकोप निवारण तथा प्रतिकार्यका लागि पैरवी गर्ने ।

(त) बालबालिकालाई सामाजिक सुरक्षा योजनामा पहुँचको लागि समन्वय तथा सहयोग गर्ने ।

(थ) नगरपालिका भित्र निर्मित वा नयाँ बन्ने पूर्वाधारहरु अपांगता तथा बालमैत्री बनाउन पहल गर्ने ।

(द) ब्रेललिपि तथा सांकेतिक भाषाको मजबुत सहजीकरण मार्फत शिक्षालाई समावेशी युक्त बनाउन पहल गर्ने ।

(ध) लक्षित वर्गका विद्यार्थीहरुलाई राज्यले तोकेको निश्चित छात्रवृत्ति अनिवार्य रुपमा दिलाउन सामुदायिक र संस्थागत सबै विद्यालयहरुलाई जिम्मेवार बनाउन पहल गर्ने ।

(न) लक्षित वर्गका सबै बालबालिकालाई अनिवार्य रुपमा विद्यालय नपठाउने अभिभावकहरुलाई हालको अवस्था अनुसार सचेतना मुलक कार्यकम गर्न नगरपालिकाले पहल गर्ने तथा पालिकाबाट पाउने अन्य सेवा सबारे पूर्ण जानकारी दिने ।

(प) विशेषकक्षा/स्रोत कक्षा/एकीकृत शिक्षाका लक्षित वर्गका विद्यार्थीहरुलाई स्वरोजगार मूलक सिप विकास र छोटो अवधिको व्यवसायीक सिपमुलक तालिमहरु समेत सञ्चालन गर्न पहल गर्ने ।

(फ) अपांगता, दलित, सीमान्तकृत वर्गका नागरिकहरुलाई सम्मान गर्ने आदर सूचक शब्दावलीको प्रयोग गर्ने जनचेतना विकासमा जोड दिन पालिका भित्रका सम्पूर्ण शैक्षिक संस्थाहरुमा सकरात्मक शब्दावलीको प्रयोग सम्वन्धी होर्डिंग बोर्डहरु अनिवार्य रुपमा राख्न पहल गर्ने ।



प्रमोद कुमार ठाकुर
प्रमुख प्रशासकिय अधिकृत

(ब) नगरपालिका भित्र सञ्चालित एकिकृत शिक्षा विशेष शिक्षा तथा स्रोत कक्षाको नियमित अनुगमन गरी पहुँच योग्य बनाउन पहल गर्ने ।

(भ) नगरपालिका भित्र सञ्चालित स्रोत कक्षाहरुमा विद्यार्थीहरुको चापलाई मध्यनजर गर्दै शिक्षक, तथा कर्मचारी थप गर्न पहल गर्ने,

(म) नगरपालिका भित्र बहिरा तथा बौद्धिक अपांगता भएका बालबालिकहरुलाई विशेष शिक्षा सञ्चालनका लागिं पहल गर्ने,

(य) नगरपालिका भित्रका विद्यालयहरूमा सामाजिक, आर्थिक तथा सांस्कृतिक रुपमा पिछडिएका बालबालिकाको शिक्षाको प्रगतिलाई बेला बेलामा अनुगमन तथा मूल्यांकन गरी सुधारको लागि योजनाहरू विद्यालय स्तरमा छलफल गर्ने तथा कार्य योजना बनाउने ।

**६. लैङ्गिक सम्पर्क व्यक्तितोक्नु पर्ने:** (१) वालिका तथा समावेशी शिक्षा संजालले शिक्षा शाखा वा महिला तथा बालबालिका शाखा प्रमुखलाइ लैङ्गिक सम्पर्क व्यक्ति तोक्न कार्यालयलाई सहजिकरण गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको लैङ्गिक सम्पर्क व्यक्तिको काम,कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछः

(क) नगरपालिका स्तरिय बालिका तथा समावेशी शिक्षा सञ्जालको नियमित वैठक गराउने र वैठकबाट आएको मुद्दालाई सम्बोधनको लागि कार्यपालिकामा पेश गरी समाधानको लागि पहल गर्ने । सञ्जाललाई निरन्तर परिचालनको लागि स्रोत व्यवस्थापन तथा योजना निमार्णमा सहयोग गर्ने ।

(ख) नगरपालिका स्तरमा विद्यालय शिक्षाको पाठयक्रममा लैङ्गिक तथा सामाजिक समावेशीकरणका विषय वस्तुलाई समावेश गर्न सहयोग गर्ने ।

(ग) विद्यालयको भौतिक संरचना तथा अध्ययन अध्यापन विधिलाई लैङ्गिक तथा अपाङ्गतामैत्री बनाउने र सञ्जाललाई सक्रिय रुपमा परिचालन गर्ने ।

(घ) विद्यालयमा भएको लैङ्गिक सम्पर्क व्यक्ति र विद्यालय व्यवस्थापन समाति सँग समन्वय गरी लैङ्गिक संवेदन शिलता, लैङ्गिक समानता सम्वन्धी सम्पर्क व्यक्तिको क्षमता अभिवृद्धि गर्नुका साथै विद्यालयमा अनिवार्य रुपमा सुझाव पेटिका राख्ने व्यवस्था गर्ने ।

(ङ) लैङ्गिक हिंसा निवारणका लागि महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, वालबालिका, किशोर किशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, शिक्षक, अभिभावक, राजनीतिक दल, नागरिक समाज, प्रहरी, पत्रकारहरू र स्थानीय सरकार बीच निरन्तर सार्वजनिक बहस एवं संवादको कार्यक्रम सञ्जाल मार्फत सञ्चालन गर्ने ।



प्रमोद कुमार ठाकुर
प्रमुख प्रशासकीय अधिकृत

(च) न्यायिक समितिलाई लैङ्गिक हिंसा विरुद्धको कानून व्यवस्था, मुद्दाको सुनुवाई, मुद्दाको व्यवस्थापन, अभिलेख व्यवस्थापन, प्रमाण संकलन लगायत ध्यानदिनु पर्ने अत्यावश्यक कानूनी सिद्धान्त तथा प्रक्रियाको बारेमा क्षमता विकासमा सहयोग गर्ने ।

**७. परामर्श लिन सक्ने:** सञ्जालले यस कार्यविधि बमोजिमको कार्य सम्पादन गर्न उपयुक्त विज्ञ व्यक्ति वा संस्था सँग आवश्यक परामर्श लिन सक्नेछ ।

## परिच्छेद ३

## स्रोत व्यवस्थापन तथा लेखा परीक्षण

**८. स्रोतको व्यवस्थापन:** नगरपालिका तथा वडाले बालिका तथा समावेशी शिक्षा सम्बन्धी कार्य सञ्चालन गर्न योजना निर्माण गरी सो योजनाको कार्यान्वयको लागि आवश्यक वजेट तथा स्रोतको व्यवस्थापन गर्नेछ ।

**९. कोष सम्बन्धी व्यवस्था:** (१) नगरपालिकाले यस कार्यविधि बमोजिमको सञ्जालको कार्य गर्न एक कोषको व्यवस्था गर्नेछ ।

(२) उपदफा १ बमोजिमको कोषमा जम्मा भएको रकम मध्ये आंशिक वा पुरै रकम कुनै आर्थिक वर्षमा खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज नभई कोषमा नै रहनेछ ।

(३) कोषमा सशर्त सहायताका रुपमा प्राप्त रकमलाई उपयोग गर्न नसकेको कारण फिर्ता गर्नु पर्ने भएमा कोषबाट रकम फिर्ता गर्न बाधा पर्ने छैन ।

(४) कोषलाई आवर्ती कोष (रिवल्भिङ फण्ड) को रुपमा सञ्चालन गरिनेछ ।

**१०. कोषमा जम्मा हुने रकम: (१) दफा ९ बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् ।**

(क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम ।

(ख) नगरपालिकाबाट प्राप्त रकम ।

(ग) कुनै व्यक्ति, दाता, गुठी वा संस्थाबाट प्राप्त रकम ।

(घ) सञ्जालको पहलबाट प्राप्त रकम ।

(ङ) कुनै विदेशी दाता, संस्था वा व्यक्तिबाट प्राप्त अनुदान वा सहयोग रकम ।

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिमको रकम प्राप्त गर्नु अगाडि सञ्जालले नगरपालिकाको सिफारिसमा प्रचलित कानून बमोजिम नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।



Scanned with CamScanner

(३) यस कार्यविधि बमोजिम सञ्जाललाई प्राप्त हुने सबै प्रकारका आम्दानी उपदफा (१) बमोजिमको कोष खातामा जम्मा गर्नु पर्नेछ।

(४) सञ्जालको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट हुनेछ।

**११. कोषको खाता सञ्चालन तथा व्यवस्थापन:** (१) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र लेखा शाखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीको संयुक्त दस्तखतबाट कोषको खाता सञ्चालन हुनेछ।

(२) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम हुनेछ।

(३) कोषको खाता सञ्चालन सञ्जालले निर्णय गरे बमोजिम सरकारी कारोवार गर्न स्वीकृति प्राप्त बैंक तथा वित्तिय संस्थामा हुनेछ।

(४) कोषको आर्थिक कारोबारको उत्तरदायित्व, जिम्मेवारी र जवाफ देहिता आर्थिक कारोबारको निर्णयकर्ता र सम्बन्धित खाता सञ्चालन गर्न अधिकार प्राप्त कर्मचारीको हुनेछ।

(५) सञ्जालको आम्दानी र खर्चको अभिलेख, आम्दानी र खर्च सम्बन्धी कार्यविधि, लेखाको अभिलेखको सिद्धान्त, आर्थिक विवरण तयारी, सम्पत्तिको अभिलेख तथा जिन्सी व्यवस्थापन, आय व्यय तथा सम्पतिको विवरण तयारी, आन्तरिक लेखापरीक्षणको सिद्धान्त, वेरुजु अभिलेख, बेरुजु फर्छ्यौट लगायतका विषयहरू प्रचलित आर्थिक कार्यविधि सम्बन्धी कानून बमोजिम हुनेछ।

(६) सञ्जाललाई आवश्यक पर्ने निर्माण, मालसामान, परामर्श सेवा र अन्य सेवाको खरिद सम्बन्धी व्यवस्था र खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली बमोजिम हुनेछ।

**१२. खर्च रकम सोधभर्ना गर्नुपर्ने:** सञ्जालले यस कार्यविधि बमोजिम कोषबाट खर्च गरेको रकम यथाशीघ्र सोधभर्नाका लागि नगरपालिकालाई जानकारी गराउनु पर्नेछ।

**१३. लेखा तथा लेखा परीक्षण:** (१) कोषको आर्थिक कारोबारको लेखा प्रचलित लेखा प्रणाली अनुसार हुनेछ।

(२) उपदफा (१) अनुसारको कोषबाट गरिएको खर्चको लेखाको प्रचलित कानून बमोजिमका प्रतिवेदन कार्यालयले सम्बन्धित निकायमा पठाउनु पर्नेछ।

(३) अनुदान खर्चको लेखापरीक्षण गर्ने, गराउने जिम्मेवारी नगरपालिकाको हुनेछ।

(४) कोषको आन्तरिक लेखा परिक्षण नगरपालिकाको आन्तरिक लेखा परीक्षण शाखावाट हुनेछ।

(५) सञ्जालको कोषको अन्तिम लेखा परिक्षण महालेखा परिक्षक वा निजले तोकेको लेखा परीक्षकबाट हुनेछ।



प्रमोद कुमार ठाकुर
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

## परिच्छेद ५

## विविध

**१४. सञ्जालको सदस्यहरूको लागि अवसर प्रदान गर्न सकिने:** (१) सञ्जालका पदाधिकारी र लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता विकास र नेतृत्व सीप विकासका लागि स्थानीय तह तथा साझेदार संस्थाहरूबाट निर्धारण भए बमोजिम अनुशिक्षण, कार्यक्रम क्षेत्र भ्रमण, कार्यशाला र अन्तरक्रिया जस्ता कार्यक्रमहरूमा सहभागी हुने अवसर प्रदान गर्न सकिनेछ।

(२) मूल्यांकनबाट उत्कृष्ट ठहरिएका सदस्यहरूलाई प्रेरणाको श्रोत व्यक्तिको रुपमा चयन गर्न सकिनेछ।

**१५. विद्यालय स्तरीय संजाल गठन र परिचालन गर्न सकिने:** पालिका स्तरीय वालिका तथा समावेशी शिक्षा संजालको अधिनमा रहि पालिकाले वडा स्तरमा वडा अध्यक्षको संयोजकत्वमा र विद्यालय स्तरमा प्रधानाध्यापकको संरक्षकत्वमा लैङ्गिक सम्पर्क शिक्षकको संयोजकत्वमा (अनुसुची १ वमोजिम) विद्यालय स्तरीय वालिका तथा समावेशी शिक्षा संजाल गठन र परिचालन गर्न सक्ने छ।

**१६. प्रतिवेदन पेश गर्ने:** सञ्जालले आफुले गरेको कार्यको वार्षिक प्रतिवेदन नगरपालिका, शिक्षा विकास तथा समन्वय इकाइ र प्रदेश समक्ष पेश गर्नु पर्ने छ

**१७. खर्च सार्वजनिक गर्नुपर्ने:** (१) यस कार्यविधि बमोजिम गरिएको खर्चको विवरण सार्वजनिक गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको अलावा नगरपालिकाले निर्देशन दिएको अवस्थामा सञ्जालले सार्वजनिक सुनवाइ, सार्वजनिक परीक्षण जस्ता सार्वजनिक उत्तर दायित्वका औजारहरूको प्रयोग गरी योजना वा कार्यक्रम कार्यान्वयनको अवस्थावारे सरोकारवालालाई जानकारी गराउनु पर्नेछ।

**१८. अभिलेख राख्ने:** सञ्जालको सचिवालयको रुपमा नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा रहनेछ। यस कार्यविधि वमोजिमका गतिविधिहरूको अभिलेख सोही शाखाले सुरक्षित रुपमा राख्नु पर्नेछ।

**१९. अनुगमन सम्वन्धी व्यवस्था:** (१) यस कार्यविधि बमोजिम भएका कामहरूको नियमिति तथा आकस्मिक अनुगमन सम्वन्धी कार्यका लागि संरक्षक वा संयोजक वा निजहरूले तोकेको समिति वा समितिको सदस्य वा कर्मचारी रहेको टोली खटाई भएको कार्यको अनुगमन गर्न सक्नेछ।



प्रमोद कुमार ठाकुर
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

(२) उपदफा (१) बमोजिम खटिएको अनुगमन टोली वा पदाधिकारीले आफूलाई प्राप्त कार्यादेशका आधारमा अनुगमनका क्रममा देखिएको विवरण सहितको प्रतिवेदन संयोजक वा संरक्षक मार्फत सञ्जाल समक्ष पेश गर्नु पर्नेछ ।

<u>२०. पुरस्कार, सम्मान तथा असूली:</u> (१) बालिका तथा समावेशी शिक्षा सम्वन्धमा उत्कृष्ट कार्य गर्ने व्यक्ति, संघ, संस्था वा निकायलाई सञ्जालले पुरस्कार तथा सम्मान गर्न सक्नेछ ।

(२) यस कार्यविधि बमोजिम कुनै अनुदान उपलब्ध गराइएको हकमा त्यस्तो उपलब्ध गराइएको अनुदान वा सहायता रकमको सही सदुपयोग नगर्ने र तोकिएको क्षेत्रमा प्रयोग नगर्ने अनुदान वा सहायताग्राहीको बाँकी अनुदान रोक्का गर्ने र भुक्तानी भइसकेको अनुदान असूल गर्ने तथा अन्य अनुदानबाट कट्टा गरिनेछ । साथै यसरी असूल तथा कट्टा गर्दा समेत असूली नभएमा प्रचलित कानून बमोजिम हुनेछ ।

<u>२१. निर्देशन दिन सक्ने:</u> नगर कार्यपालिकाले सञ्जालको काम कारवाहीको सम्वन्धमा सञ्जाललाई आवश्यक निर्देशन दिन सक्नेछ ।

<u>२२. खारेजी र बचाउ:</u> (१) यो कार्यविधि कार्यान्वयन गर्न बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकालाई हुनेछ ।

(२) यस कार्यविधि अन्तर्गत भएको व्यवस्था सोही बमोजिम र नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

(३) यस कार्यविधिमा रहेको प्रावधानहरू प्रचलित संविधान, सङ्घीय, प्रदेश तथा स्थानीय कानून सँग बाझिएको हकमा स्वत:निस्क्रिय हुनेछन् ।

**अनुसुची १**

**विद्यालय स्तरीय बालिका तथा समावेशी शिक्षा संजालको गठन र काम कर्तव्य अधिकार देहाय बमोजिमको रहनेछ :**

**१. सञ्जालको संरचना**

क) विधालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको विधालय व्यवस्थापजन समितिको सदस्य - संयोजक

ख) विधालय रहेको वडाको महिला सदस्य एक जना - सदस्य

ग) विधालयको प्रधानाध्यापक - सदस्य

घ) महिला शिक्षक मध्येवाट संयोजकले तोकेको एक जना : सदस्य

ङ) शिक्षक अभिभावक संघबाट तोकिएको एक जनामहिला सहित २ जना : सदस्य



प्रमोद कुमार ठाकुर
प्रमुख प्रशासकीय अधिकृत

च) बालक्लब बाट तोकिएको एक जना बालिका सहित २ जना : सदस्य

छ) बिधालय रहेको वडामा क्रियाशिल संघसंस्थाबाट कम्तीमा एक जना महिला सहित समितिले मनोनीत गरेको दुई जना : सदस्य

ज) अपाङ्गता भएका वा सिमान्तकृत समुदायका बालबालिका अभिभावक मध्येबाट समितिले मनोनीत गरेको एक जनामहिला सहित २ जना : सदस्य

झ) बिधालयमा अध्ययनरत बालबालिका मध्येबाट समितिको संयोजकले तोकेको एक जना छात्रा रहने गरी दुई जना : सदस्य

ञ ) गुनासो सुनुवाइ संयन्त्रमा प्रतिनिधीत्व गर्ने विद्यार्थी मध्येबाट एकजना छात्रा सहित दुई जना : सदस्य

ट) सामुदायिक स्वंयसेवक महिला किशोरी मध्येबाट संजालले मनोनीत गरेको एक जना : सदस्य

ठ) बिधालय नर्स वा स्थानीय स्वास्थ्य स्वंयसेविका : सदस्य

ड)लैङ्गिक सम्पर्क व्यक्ति : सदस्य सचिव

यो संजालले महिला नेतृत्व, शशक्तिकरण र समावेशीताको परिकल्पना गरेकोले ७० प्रतिशत महिला र समावेशी सदस्यता सुनिश्चित गर्ने ।

**२. विद्यालय/समुदाय स्तरिय बालिका तथा समावेशी शिक्षा संजालको काम तथा कर्तव्यहरु**

- विद्यालय स्तरिय आचार संहिता निर्माण तथा कार्यान्वयन गर्ने तथा गराउने ।
- विद्यालय स्तरिय गुनासो सुनुवाई कार्यान्वयनका लागि गुनासो सुनुवाई कार्यविधि, २०७४ का अनुसार सुझाव पेटिका व्यवस्थापन तथा कार्यावन्यन गर्ने गराउने र गुनासोको वर्गिकरण तथा अभिलेखिकरण गरि विद्यालयमा व्यस्थापन गर्ने तथा सम्वन्धित निकायसँग समन्वय गर्ने ।
- विद्यालयमा वालिकाहरुका लागि बालिकामैत्री वातावरण निर्माण गर्नमा आवश्यक पहल गर्ने (शौचालय, सेनिटरी प्याड, विद्यालय खाजा कार्यक्रम, आवश्यक औषधी आदि) ।
- विद्यालय तथा समुदाय स्तरमा बालिका माथि भएको लैंगिक हिंसाको व्यवस्थापन र न्यायको लागि स्थानीय तहमा न्यायिक समितिसँग समन्वय गर्ने ।
- विद्यालय वार्षिक सुधार योजनामा वालिका संजालवाट आएको योजनालाई समावेश गराउने
- दलित, लैगिंक अल्पसंख्यक तथा अपांगता भएका विद्यार्थीहरुको लागि विशेष छात्रावृत्तिको व्यवस्था गर्न लगाउने ।



प्रमोद कुमार ठाकुर
प्रमुख प्रशासकीय अधिकृत

- विद्यालयमा अंपागता भएको विद्यार्थीहरुको लागि अंपागतामैत्री वातावरण निर्माण गर्नमा पहल गर्ने ।
- बालिका तथा समावेशी शिक्षा संजालको नियमित बैठक गराउने तथा छलफलमा आएका प्रस्तावहरुलाई लिखित रुपमा कार्यान्वयन गर्ने गराउने ।
- बाल क्लब/किशोर तथा किशोरी समुहका सदस्यहरु, लैंगिक सम्पर्क व्यक्ति, प्र.अ./वा विद्यालय शिक्षक बिच मासिक रुपमा नियमित बैठक बसी, बैठकको प्रतिवेदन विद्यालयलाई बुझाउने ।
- विद्यालयको वार्षिक कार्यक्रममा राम्रो प्रदर्शन गर्ने बालबालिकालाई पुरस्कृत गर्ने तथा प्रोत्साहित गर्ने ।
- समय समयमा लैगिंक हिंसा तथा दुर्व्यवहार, बालविवाह, विपद् आदि विषयहरुमा अभिमुखिकरण गर्ने गराउने ।
- संजालले गर्दै आएको कृयाकलापहरुमा पारदर्शिता तथा सुधारको योजना निर्माणको लागि समय समयमा अनुगमन तथा समिक्षा गर्ने ।
- नगरपालिका संगको समवन्यमा विद्यालय बाहिर रहेका बालबालिकाहरुको तथ्यांक संकल्न गर्ने तथा पालिका स्तरिय बालिका शिक्षा संजालसँग समन्वय गरि विद्यालय भर्नामा सहयोग तथा पहल गर्ने ।
- विद्यालयमा विद्यालय सुधार सम्वन्धि आएको योजनाहरुलाई पालिकाको योजना स्तरिय बैठकमा राख्न तथा समावेशको लागि आवश्यक पहल गर्ने ।
- विद्यालयको अत्तिरिक्त कृयाकलाप अन्तर्गत समुदायमा शिक्षाको महत्वको लागि अभिभावक तथा समुदाय स्तरमा विभिन्न जनचेतना मुलक कार्यक्रमहरु संचालन गर्ने ।
- वडामा संचालित विभिन्न अनौपचारिक शिक्षा मार्फत पढाई पुरा गरेका बालिकाहरुलाई विद्यालय भर्नामा सहयोग गर्ने तथा उनीहरुको लागि ब्रिज कोर्ष संचालनमा आवश्यक सहयोग गर्ने ।
- बालिका शिक्षा अन्तर्गत सामाजिक बाधाहरुलाई समाधान गर्नमा आवश्यक पहल गर्ने ।
- बालिका शिक्षाको हक सुनिश्चितता गर्नको लागि विद्यालय स्तरिय वार्षिक योजना तयार पारी विद्यालय सुधार योजनामा समावेश गराउने तथा कार्यावन्यन गर्ने ।
- बालिका शिक्षाको लागि समाजमा भएका विभिन्न मुद्दाहरुलाई पहिचान गरि संजाल परिचालन तथा विभिन्न कृयाकलाप मार्फत समाधान गर्न आवश्यक पहल गर्ने ।

- वातावरणिय एवं प्राकृतिक प्रकोप निवारण तथा प्रतिकारका लागि पैरवी गर्ने ।
- बाल क्लबको सदेस्यहरु विद्यालयमा भएका सम्पुर्ण बालबालिकाहरुको प्रतिनिधिको रुपमा प्रतिनिधित्व गर्ने
- बालबालिकाहरुको आवश्यकता र आवाजलाई विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र प्रधानाध्यापक समक्ष पुऱ्याउन सहयोग गर्ने ।
- जोखिम, हेपाई, हिंसा तथा उत्पीडन आदि जस्ता घटनाहरुलाई समाधान गर्न स्थानीय सहयोग समुहहरु र संस्थाहरुको सम्पर्क विवरण तयार राख्ने र प्रतिक्रिया गर्ने प्रकृयाबारे बाल क्लब/किशोर तथा किशोरी समुहका सदस्यहरुलाई अभिमुखिकरण गर्ने ।
- संजालका सदस्यहरु बीच गोपनियता कायम गरी तटस्थ, जिम्मेवार, जवाफदेही र नियमित समन्वय हुनुपर्ने ।
- विद्यालय र संजालको सहयोगमा बालबालिकाहरुलाई नेतृत्व सीप, परिचालन, चेतना र सामुदायिक विकास बढाउने जस्तो कार्य गर्ने ।

**३. विद्यालय स्तरको बालिकातथा समावेशी शिक्षा सञ्जालको नियमित बैठक**

यस संजालको नियमित वैठक त्रैमासिक रुपमा बस्ने र आवश्यकता अनुसार जुन सुकै वेला बस्न सक्नेछ ।

**४. सचिवालय सदस्य तोक्ने:**

विद्याल स्तरको सञ्जालले संयोजक सहितको बढिमा सात सदसीय सचिवालय वनाई विद्यालयका सवालहरुमा कार्ययोजनाको कार्यान्वयन तथा विद्यालय स्तरमा भएका संयन्त्रहरुसंग समन्वय गर्ने जिम्मेवारी दिन सक्नेछ ।

**५. संसोधन:**

बालिका तथा समावेशी शिक्षा संजाल कार्यविधिमा संसोधन गर्नु पर्ने आवश्यक देखिएमा बालिका तथा सामावेशी शिक्षा संजालको वैठक बसि संसोधन गर्न सक्ने छ ।

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२.........................................

प्रमाणिकरण मितिः २०८२......................................................

..................................

प्रमुख प्रशासकीय अधिकृत